म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १०५ | मंगलबार ११ मंसिर २०८१ | ने. सं. ११४५ कछलागा | 26 Noveber 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ट्रक दुर्घटनामा मकवानपुर गढीका दुई युवकको मृत्यु

हेटौँडा, १० मंसिर/चितवनको नारायणगढ-मुग्लिन सडकखण्डको नौकिलोमा आइतबार बेलुकी भएको ट्रक दुर्घटनामा मकवानपुरगढी गाउँपालिका घरभएका दुईजना युवकको मृत्यु भएको छ ।

नारायणगढबाट मुग्लिङतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख ३४९० नम्बरको ट्रक आइतबार बेलुका पौने सात बजेतिर सडक किनारमा पल्टिएको थियो । चामल बोकेको ट्रक पल्टिँदा च्यापिएका मकवानपुरगढी गाउँपालिका-६ बस्ने ३८ वर्षीय श्याम बजगाईं र सोही ठाउँका ३१ वर्षीय दीपक दाहालको मृत्यु भएको चितवन प्रहरीले जानकारी दिएको छ । उनीहरु दुवैजनाको भरतपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका दुई जनाको सोही अस्पतालमा उपचार जारी छ । दुर्घटनापछि फरार ट्रक चालक दिनेश पुडासैनीलाई प्रहरीले पक्राउ गरेको छ ।

# कानुनी जटिलता फुकाउन बागमती प्रदेश र प्राधिकरणबीच अन्तर्क्रिया

साझाकुरा संवाददाता

हेटौँडा, १० मंसिर/ बागमती प्रदेश सरकार, गृहमन्त्री रमेश लेखक र राष्ट्रिय जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन प्राधिकरणबीच विपद् व्यवस्थापनमा देखिएको कानुनी अड्चन फुकाउन अन्तरक्रिया भएको छ ।

सिंहदरबारस्थित प्राधिकरणमा भएको छलफलमा प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयले विपद् व्यवस्थापनमा उत्पन्न कानुनी व्यवधानका कारण उत्पन्न जटिलताबारे जानकारी गराएको थियो । प्रदेशको विपद् व्यवस्थापन कार्यविधि-२०८० र संघीय सरकारको कार्यविधिमा फरक व्यवस्था भएकाले विपदको राहत वितरणमा समस्या आएको कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

प्राधिकरणासँगको छलफलपछि कानुनी समस्या समाधानका लागि गृहमन्त्री रमेश लेखकसँग प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, सचिव पूर्णबहादुर दर्जीले भेटेर छलफल गरे । संघ र प्रदेशको विपद् कार्यविधिको फरकफरक कानुनी व्यवस्थाले उत्पन्न समस्यालाई तत्काल समाधान गरिसक्नुपर्नेमा जोड दिइएको थियो । कानुनमन्त्री लामिछानेले गृहमन्त्री लेखकसँग दोस्रोपटक आइतबार भेट गरेका हुन् ।



कार्यविधिमा फरक व्यवस्था भएकै कारण प्रदेश सरकारले विपद्मा मृत्यु भएकाको परिवारलाई जनही २ लाख दिने र अस्थायी आवास निर्माणमा १ लाख रुपैयाँ दिने निर्णय कार्यान्वयनमा लैजान सकेको छैन । १४ असोजमा ललितपुरस्थित प्रदेश सुशासन केन्द्रमा मुख्यमन्त्री बहादुरसिं लामाको अध्यक्षतामा बासेको सर्वदलीय बैठकले मृतकको परिवारलाई २ लाख र अस्थायी आवास निर्माण गर्न तत्काल जनही १ लाख रुपैयाँ दिने निर्णय गरेको थियो ।

सरकारले कार्यविधिअनुसार १ लाख मात्रै पठाएको छ, त्यो कार्यविधिकै कारण पीडितकोमा पुग्न नसकेको मन्त्रालयले जनाएको छ । संघीय सरकारको कार्यविधिमा मृतक परिवारलाई एक लाख मात्रै दिने व्यवस्था छ । जसकारण प्रदेशको निर्णय कार्यान्वयनमा जान नसकेकाले दुई सरकारको कार्यविधिमा एकरुपता ल्याउने गरी छलफल भएको कानुनमन्त्री लामिछानेले जानकारी दिए ।

संघ सरकारको कार्यविधिले जिल्ला प्रशासनबाट दोहोरो नहुने गरी राहत वितरण गर्ने व्यवस्था गरेकाले प्रदेश सरकारले पठाएको राहत रकम पीडितको घरमा पुग्न नसकेको स्थानीय तहले गुनासो गरेको उनले जनाए । तत्काल कानुनी अड्चनलाई फुकाएर राहत रकम पीडितको घरमा पुऱ्याउन प्रदेश सरकार लागिपरेको कानुनमन्त्री लामिछाने बताउँछन् ।

मन्त्री लामिछानेसहित प्राधिकरणका कार्यकारीप्रमुख अनिल पोखरेल, सहसचिव रामबन्धु सुवेदी, कानुन मन्त्रालयका सचिव दर्जी, विपद् व्यवस्थापन शाखाप्रमुख रेबिका कार्कीलगायत उपस्थित छलफलमा विपद्को बजेट कार्यान्वयनमा तीन तहबीच समन्वय गरेर अघि बढ्ने विषयमा छलफल भएको थियो ।

विपद्मा तथ्यांक संकलन गर्न प्रदेश सरकारलाई परेको अप्ठेरोका विषयमा पनि प्राधिकरणलाई जानकारी गराइएको थियो । तथ्यांक विवरण संकलनमा समन्वय र सहकार्य आवश्यक रहेको मन्त्री लामिछानेले औंल्याएका थिए । मन्त्री लामिछानेले कार्यविधि परिमार्जन गरेर प्रदेश सरकारले जिल्ला प्रशासनमार्फत नभई सीधै स्थानीय सरकारलाई राहत पठाउने व्यवस्थाका लागि पहल गरेका छन् ।

# हेटौँडा बजारमा तीनपांग्रे सवारी व्यवस्थापन गर्न खुल्यो सेवाकेन्द्र

साझाकुरा संवाददाता

हेटौँडा, १० मंसिर/ अव्यवस्थितरुपमा हेटौँडा बजारमा सञ्चालन हुँदै आएको तीनपांग्रे सवारी साधनको व्यवस्थापनका लागि उपमहानगरपालिकाले सेवाकेन्द्र सञ्चालनमा ल्याएको छ ।

हेटौँडा-११ थानाभऱ्याङस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडिको भवनबाट सोमबार देखि तीनपांग्रे (अटो मयुरी, ट्याक्पोलगायतका) सवारी व्यवस्थापन गर्न कार्यालय सञ्चालनमा ल्याएको हो । राज्य पुन:संरचनापश्चात संघीयतामा मुलुक गएपछि २०७४ बाट प्रदेशको राजधानीको रुपमा रहेको हेटौँडामा तीनपांग्रे सवारीसाधनको व्यवस्थापनमा चुनौती छ ।

तीनपांग्रे सवारी साधनलाई व्यवस्थापन गर्न यसअघि पालिकाले गरेको प्रयास प्रभावकारी थिएन । अब सेवाकेन्द्र नै खोलेर काम सुरु गर्न खोजिएकाले विगतको प्रयासले मूर्तरुप लिने अपेक्षा सरोकारवालाको छ । यद्यपि, नतिजाका लागि केही समय पर्खिनुपर्नेछ । उपमहनगरले सञ्चालनमा ल्याएको सेवाकेन्द्रको हेटौँडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले रिबन काटेर उद्घाटन गरेकी छन् ।

सेवाकेन्द्रको उद्घाटन गर्दै सुन्दर नगरलाई थप व्यवस्थित गर्दै लैजानका लागि तीनपांग्रे सवारीलाई लक्षित गर्दै सेवाकेन्द्र सञ्चालनमा ल्याएको उनले बताइन् । लामाले सेवाकेन्द्रबाट तीनपांग्रे सवारीका लागि परेका समस्याको समाधान गर्दै व्यवस्थित ढंगबाट सञ्चालनको व्यवस्था मिलाउने तयारी उपमहानगरले गरेको दाबी गरिन् । पटक/पटकको सर्वपक्षीय छलफलपछि अहिले नियमित कामको बाताबरण तयार भएको भन्दै नगरक्षेत्रमा सञ्चानमा रहेको तीनपांग्रे सवारीलाई स्टिकर टाँसको व्यवस्था मिलाउँदै अघि बढेको उनको भनाई थियो ।



सेवाकेन्द्र उद्घाटनका क्रममा नगरप्रमुख लामाले केही सवारीका लागि स्टिकर हस्तान्तरण गरेकी थिइन् । सेवा केन्द्रले हेटौँडा उपमहानगरभित्र बाह्य क्षेत्रबाट सञ्चालन अनुमतिबिना आएका सवारी नियन्त्रणका लागि आवश्यक समन्वय गर्दै नगरक्षेत्रभित्रका लागि रुटपर्मिटको व्यवस्था, स्टिकर टाँसको काम गर्ने बताइएको छ । बाह्य जिल्लाबाट आएका सवारीका कारण यहाँका तीनपांग्रे सवारीचालक मारमा परेको गुनासो आएकाले उपमहानगरले स्टिकर टाँस गरी स्थानीय सवारी व्यवस्थापनको काम गरेको तीनपांग्रे सवारी व्यवस्थापन समितिका संयोजक तथा उपमहानगरप्रवक्ता सबिन न्यौपानेले बताए ।

प्रवक्ता न्यौपानेका अनुसार २०७६ पुष ७ भन्दा अघि हेटौँडा र मकवानपुर चल्ने अनुमति पाएका तीनपांग्रे सवारीलाई अहिले सेतो स्टिकर टाँस गरिने छ । यसअघि पहिलो चरणमा हरियो, दोश्रो चरणमा पहेलो टाँस गरिएको थियो । अहिले उपमहानगरले थालेको कामपछि अब स्टिकर टाँस नभएका सवारीलाई कडाइका साथ नियन्त्रण गरिने जनाइएको छ । एक महिनासम्म स्टिकर टाँसको समय दिइको छ ।

अब पनि अटेर गरेमा ट्राफिक र नगरप्रहरीको समन्वयमा कडाइका साथ अनुगमन र नियन्त्रण गरिने समिति संयोजक तथा उपमहानगरका प्रवक्ता न्यौपानेले बताए । स्टिकर टाँससँगै केही समयमा उपमहानगरक्षेत्रभित्र तीनपांग्रे सवारीको रुट अध्ययनपश्चात् वैज्ञानिक भाडादर निर्धारण गर्ने योजना उपमहानगरले बनाएको छ । सोमबार आफ्नो सवारीमा स्टिकर प्राप्त गरेपछि हेटौँडा-४ का टीकाबहादुर थापाले उपमहानगरले गरेको काम राम्रो भएको बताए । उनले बाहिरबाट आएका अटो मयुरीले बजारमा निकै समस्या बनाएको बताए । स्टिकर टासपछि बाह्य ठाउँबाट आउने तीनपांग्रे सवारी रोक्नका लागि कडाइका साथ अनुगमनलाई अघि बढाउन जरुरी औंल्याए । उपमहानगरले पहिलो चरणमा हरियो स्टिकर १ हजार ६ सय ७६ वटा सवारीलाई वितरण गरेको थियो ।

# डलर र युरो मुद्रासहित भारतीय नागरिक पक्राउ




साझाकुरा संवाददाता

हेटौँडा, १० मंसिर/ नेपाली भण्डै ६३ लाख रुपैयाँ बराबरको विदेशी मुद्रा अमेरिकन डलर र युरोसहित तीन जना भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले आइतबार राति ९ बजे हेटौँडा उपमहानगरपालिका-१ चौकीटोलस्थित त्रिभुवन राजपथ सडकखण्डबाट स्रोत नखुलेको अवैध ४६ हजार विदेशी मुद्रासहित ३ जना भारतीय पक्राउ परेको प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए ।

काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ज ०७६५ नम्बरको माईक्रोबसमा सवार भारत उत्तर प्रदेश जालौन बस्ने ४० वर्षीय विजयसिंह कुशवाह, उत्तर प्रदेश गोरखपुरका २६ वर्षीय प्रशान्त पाठक र राजस्थान चित्तोरगढ घर भएका ३२ वर्षीय राहुलकुमार माण्डावत पक्राउ परेका हुन् ।

अवैध विदेशी मुद्रा बोकेको सूचना पाएपछि एसपी खड्का नै भारतीय पक्राउ गर्न खटिएका थिए । उनकाअनुसार पक्राउ परेका कुशवाहबाट अमेरिकन डलर १२ हजार, पाठकको साथबाट युरो १४ हजार र माण्डावतको साथबाट अमेरिकन डलर २० हजार बरामद भएको थियो । आरोपित तीनै जनालाई थप आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय ललितपुर पठाउने तयारी भइरहेको प्रहरी नायवउरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

बरामद विदेशी मुद्राको सोमबारको नेपाली बजार भाउअनुसार ३२ हजार अमेरिकन डलरको ४३ लाख २० हजार ५ सय १५ तथा १४ हजार युरोको १९ लाख ६९ हजार ५ सय १५ नेपाली रूपैयाँ गरी ६२ लाख ९० हजार ३५ रुपैयाँ रहेको एसपी खड्काले जानकारी दिए ।

## अंक सच्याइएको

यस दैनिकको मिति २०८१ मंसिर ९ गते प्रकाशित पत्रिकामा अंक १०४ हुनुपर्नेमा अन्यथा भएकोले अंक सच्याई भूल सुधार गरिएको छ ।

-सम्पादक

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# धार्मिक केन्द्र र पर्यटन

साबिक नामटार गाविसमा रहेको स्यार्सेकालिका मन्दिरमा परापूर्व कालदेखि पूजाआजा हुँदै आएको छ । स्यार्सेकालिकादेवीसामु मागेको कुरा पूरा हुने जनविश्वाससहित पूजाआजा गर्न भक्तजन टाढाटाढाबाट आउने गरेका छन् । भाकल गरेकाहरु मन्दिरमा धान्यपूर्णिमाका दिन बिशेषरुपमा आउने गरेका छन् । धान्यपूर्णिमाको समयमा मन्दिरमा जान नभ्याउनेहरु चण्डीपूर्णिमा जाने गरेका छन् । २०५० साल अघि यो मन्दिर रहेको स्थानमा प्राकृतिक शीला थियो । धार्मिक आस्थाको केन्द्र रहेको यो मन्दिरलाई धार्मिक पर्यटनका रुपमा विकास गर्न स्थानीय सरकारले तयारी थालेको समाचार आएको छ । त्रिभुवनराजपथको चुनियाँबाट करिव ६ किमि यात्रापछि स्यार्सेकालीका पुग्न सकिन्छ । बिगतका दिनमा साबिक नामटारलाई अन्नभण्डारको रुपमा लिइन्थ्यो । मकवानपुरमा पहिलोपटक ‘तारपुल’ ग्र्याबिटी रोप-वे मार्फत् ग्रामीण क्षेत्रमा उत्पादन भएको तरकारी तथा फलफूल बजार लैजाने र बजारबाट उपभोग्य तथा कृषिका लागि आवश्यक बस्तु ढुवानी गरिएको थियो । २००९ सालमा त्रिभुवन ग्रामविकास केन्द्र खुल्दा नामटारमा विकासको लहर सुरु भएको थियो । २०११ मा पनि ठूलो बाढी आएर यस क्षेत्रमा ठूलो नोक्सान गरेको थियो । यो क्रम २०५० मा पनि दोहोरियो । २०२४ सालमा गाउँफर्क राष्ट्रिय अभियान सुरु हुँदा चुनियाँ-नामटार मोटर चल्ने सडकको सुरुवात भएको थियो । त्यही समयमा स्थानीय पञ्चहरुले सडक शिलान्यास गरेका थिए । तर, कालान्तरसम्म यो सडक निर्माणको थालनी हुन सकेन । यो सडकखण्डमा सवारीसाधन निकै पछि अर्थात् २०४४ ताका चलेको हो ।

२०१३ सालमा नामटार क्षेत्रमा एकसाथ तीनवटा विद्यालय स्थापना भएको थियो । बासुकी, जलेश्वर र कटुञ्जेमा विद्यालय खुलेको थियो । अहिले नामटारमा कक्षा १२ सम्मको अध्यापन हुने गरेको छ । नेपाली कांग्रेस बागमती प्रदेशका सभापति तथा प्रदेश सांसद ईन्द्रबहादुर बानियाँले बागमती प्रदेशमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन् । सम्भावनालाई हातमा लिन प्रदेश सरकार केन्द्रित हुनुपर्ने उनको धारणा छ । मकवानपुरको कैलाश गाउँपालिका-९ नामटरमा रहेको स्यार्सेकालिका मन्दिरको उद्घाटन गर्दै नेपाली कांग्रेसका नेता ईन्द्र बानियाँले सेवाप्रवाहलाई गुणस्तरीय बनाउने र नागरिकको आयआर्जन वृद्धिका लागि सरकारले कृषि, पर्यटन तथा औद्योगिक उत्पादनमा सरकारले जोड दिनुपर्ने उनले बताए । जिल्लाको विकट क्षेत्रको रुपमा रहेको कैलाशको विकासका लागि आफूले पहल गर्ने उनले बताए । प्रदेश सरकारसँग पहल गरेर सडक पूर्वाधार निर्माण, पर्यटन तथा आर्थिक उपार्जनका लागि आवश्यक योजनाहरु सञ्चालनका लागि बजेट व्यवस्था गरिने उनको भनाइ छ । कार्यक्रममा कैलाश गाउँपालिका अध्यक्ष लोक मोक्तानले नामटार क्षेत्रलाई नै पर्यटकीय क्षेत्रको रुपम विकास गर्नेगारी आवश्यक पूर्वाधार निर्माणका लागि योजना बनाइरहेको बताए । उनले नामटार क्षेत्रको विकासको लागि स्थानीयको समेत सहयोग आवश्यक रहेकोमा जोड दिए । उनले नामटार कैलाश गाउँपालिकाकै आर्थिक क्षेत्रको रुपमा विकास गर्न सकिने भएकाले पालिकाले समेत प्राथमिकतामा राखेको दावी गरे । २०५० सालको बाढीले मन्दिर भत्किएको र कालिकाको मूर्ति पुरिएको थियो ।

सोही स्थानमा नयाँ मन्दिर निर्माण गरिएको हो । २५ लाख रुपैयाँमा निर्माण भएको मन्दिरको लागि गाउँपालिकाले १० लाख र प्रदेश सर कारले १५ लाख रुपैयाँ उपलब्ध गराएको थियो । यस्तै मन्दिर संरक्षणका लागि प्रदेश सरकारले १० लाख, विभिन्न व्यक्ति र संस्थाबाट ५ लाख रुपैयाँ प्राप्त भएको छ । मन्दिर संरक्षण योजनाअन्तर्गत खोला नियन्त्रण, चौर सम्याउने, पर्यटकीय तीर्थस्थलको रुपमा विकास गर्न अझै करोडौं रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । चालू आवमा प्रदेश सरकारकाबाट १४ लाख रुपैयाँ मन्दिर संरक्षणका लागि बजेट विनियोजन भएको छ । यो मन्दिरलाई परापूर्वकालदेखि नै आस्थाकी देबीको रुपमा मानिदै आएको छ । कुनैपनि ब्यक्तिले गरेको भाकल यो मन्दिरमा पूजाआजा गरेपछि भाकल पूरा हुने विश्वासका साथ मकवानपुरका विभिन्न पालिका सहित छिमेकी जिल्ला र भारतका सीमावर्ती सहरबाट समेत भक्तजन आउने गरेका छन् । परापूर्वकालमा यसस्थानमा १००८ ऋषिमुनिले तपस्या गरेको जनश्रुति रहेको पाइन्छ । स्यार्सेखोला, मनहरीखोला र खादेखोलाको त्रिबेणीमा रहेको मन्दिर मकवानपुरकै प्राचीन खुला शिलामध्ये एक हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १२ गते बुधबार २७ नोभेम्बर २०२४ । द्वादशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३५, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# देश यसरी पो अघि बढ्छ



✍ जनार्दन शर्मा

### शान्ति प्रक्रियाबारे

राजतन्त्रलाई जरैदेखि विस्थापन गर्न उठेको माओवादी ‘जनयुद्ध’ र त्यसैको जगमा उभिएको संयुक्त जनआन्दोलनको सफलतापछि २०६३ मंसिर ५ गतेको विस्तृत शान्ति सम्झौताले १८ औं वर्षको यात्रा पूरा गरेको छ । पञ्चायत अवसानपछिको समय हिसाब गर्ने हो भने नेपालको लोकतान्त्रिक अभ्यासले ३४ औं वर्ष नाघिसक्यो । जनयुद्ध र जनआन्दोलनको शक्ति एकाकार भएपछिका केही मुख्य कार्यभारहरू हामीले कुशलतापूर्वक पूरा गर्‍यौं । जसमध्ये गणतन्त्रको घोषणा, संविधानसभाको निर्वाचन, सेना समायोजन एवम् शान्ति प्रक्रियामार्फत् द्वन्द्व व्यवस्थापन । यिनै मूल उद्देश्यलाई केन्द्रमा राखेर विस्तृत शान्ति सम्झौता भएको कुरा जगजाहेर छ । विस्तृत शान्ति सम्झौता हाम्रा अघिको एउटा पेचिलो र चुनौतीपूर्ण संयुक्त दस्तावेज थियो, जसको कार्यान्वयनलाई अन्तर्राष्ट्रिय समुदायले पनि सन्देह, सतर्क र सावधानीका साथ हेरेकोबारे हामी जानकार छौं । तर, हामीले हाम्रा पृथक राजनैतिक बिचार, कार्यशैलीका तमाम मतभेदहरू, हामी उभिएका हाम्रा पृष्ठभूमिहरूको छायाँ यस सम्झौतामाथि पर्न नदिन निकै गम्भीरता र संवेदनशीलता अपनायौं । जसको परिणाम गएका १८ वर्षमा हामीले गणतन्त्रको घोषणा, संविधानसभाबाट नयाँ संविधान निर्माण, सेना समायोजन र हालसालै सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक सहमतिमै पारित गर्‍यौं । यति काम गरिसकेपछि शान्तिप्रक्रियाका मूलभूत कामहरू सम्पन्न हुने दिशातिर अघि बढे । यो वास्तवमा नेपालका जिम्मेवार राजनीतिक दल र तिनको शीर्ष नेतृत्वमा रहेको सुझबुझका साथै नेपाली सहकार्यको मौलिक आयाम हो । यो सहकार्य तल प्रत्यक्ष मारमा परेका द्वन्द्वपीडितदेखि राजनीतिको शीर्ष तहमा रहेको उदार सामाजिक चरित्रकै कारण सम्भव भयो ।

फेरि पनि हामीसँग निकै संवेदनशीलताका साथ सम्पन्न गर्नुपर्ने केही व्यावहारिक विषयहरू बाँकी छन् । शहीद, बेपत्ता तथा घाइते र द्वन्द्व पीडितका समस्या समाधानका लागि के-कस्ता प्रक्रिया कसरी अगाडि बढाउने ? यसको लेखाजोखा नगरी हाम्रो साझा लक्ष्यको सैद्धान्तिक सहमतिले पूर्णता पाउँदैन भनेर हामी त्यसमा विचार विमर्श गर्दैछौं । तर, मंसिर ५ को दिन भने नेपाल राष्ट्र र नेपाली जनताले सात राजनीतिक दलको नेतृत्व र प्रतिनिधित्वका तर्फबाट गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष कमरेड प्रचण्डले नेपालको शान्ति प्रक्रियामा हस्ताक्षर गरेको ऐतिहासिक दिनका रूपमा सदा-सर्वदा सम्झिरहने छन् ।

नेपालको परिवर्तनकामी अभियान जनयुद्धको एक सदस्य हुनुको नाताले मैले युद्ध र शान्तिलाई नजिकबाट नियाल्ने अवसर प्राप्त गरें । यस अर्थमा यो ऐतिहासिक परिवर्तनका विभिन्न शृङ्खलामा रहेर काम गर्ने अवसर पाउँदा मलाई गर्व छ । शान्ति प्रक्रिया र सेना समायोजनको काम होस् वा शान्ति मन्त्रीको रूपमा रहेर सय बढी सशस्त्र समूहहरूलाई संवादबाट शान्तिपूर्ण बाटोमा ल्याएका कामहरू हुन् मैले मेरो भागमा परेको भूमिका कुशलतापूर्वक सम्पन्न गरें भन्ने मानेमा सन्तुष्ट छु । गएका झण्डै दुई दशकका हरेक मोडहरूको स्मरण गर्दै अब नेपाली जनताले मुलुकका प्रमुख राजनीतिक शक्तिलाई दिएका तीन वटा अवसरहरूको समीक्षा गर्न जरुरी छ भन्ने निष्कर्षमा पुगेको छु ।

### २०४६ ले दिएको अवसर

व्यक्तित्व र नेतृत्व टकरावको भीषण लडाइँसँगै जनचाहना र इतिहासको स्वर्णिम अवसर पनि हेर्दा हेर्दै गुम्यो । राजनीतिक दलका लागि प्राप्त उपर्युक्त तीन अवसर गुमेपछि राजनीतिक अस्थिरता, असैद्धान्तिक गठबन्धन तथा पद र कुर्सीका लागि जो जतिसुकै बेला जता पनि हाम्फाल्न सक्ने अवस्था आयो । २०४६ सालपछि जनताले कांग्रेसलाई सबैभन्दा बढी विश्वास गरे र बहुमतको सरकार बनाउन कांग्रेस सक्षम भयो । दरबारको रवाफ र त्यसका टिकेहरूको दमन, उत्पीडन र शोषणमा टिकेको पञ्चायतबाट आजित जनताले पुनर्स्थापित बहुदलीय व्यवस्थाबाट निकै ठूलो आशा गरेका थिए । जनचाहनाबमोजिम रोजगारी सृजना होला, शिक्षा र स्वास्थ्यमा आम मानिसको पहुँच हुने गरी नीतिहरू समयानुकूल सुधार होलान् । गरिबी, अभाव, विपन्नताको अन्त्यका लागि जनतालाई सहुलियत दिने कुनै कार्यक्रम आउला, सुकुम्बासी समस्याको समाधान होला, दलितहरू जातीय छुवाछूत र दमनबाट मुक्त हुन पाउलान् र सारमा गरिब र दिनदुखीहरूका सुखका दिन आउलान् भन्ने अपेक्षा थियो । कांग्रेस सत्तामा पुगेपछि उसले व्यवस्था परिवर्तनको मर्मअनुरूप ती अपेक्षा पूरा गर्न सकेन । सत्ता यात्राको प्रारम्भदेखि नै उसले असहिष्णु र दमनकारी व्यवहार देखाउन थालिहाल्यो । अन्तरिम सरकारले पहिलो आम निर्वाचन त टाढाकै कुरा २०४७ को नयाँ संविधान जारी गर्नुपूर्व नै २०४७ जेठ ५ गते रुकुममा सैन्य कमाण्ड उतारेर अप्रेसन सुरु गरिहाल्यो । यसले प्रष्ट संकेत गर्‍यो कि कांग्रेस प्रजातन्त्रको आडमा अनुदार बन्दैछ र संभवत: भविष्यमा यसले मुलुकलाई नयाँ द्वन्द्वमा होम्ने छ ।

यो सत्ता सञ्चालनको अपरिपक्वता हो कि नियतकै खराबी हो यसका लागि कांग्रेसका आगामी कदमहरू पनि हेर्नु थियो । जब आम निर्वाचनका क्रममा र पछि पनि नेपालका ग्रामीण क्षेत्रमा उसले राज्य आतंक मच्चायो, फरक मत र भिन्न बिचार राख्नेहरूलाई व्यापक दमनको नीति लियो र दूरदराजका जनतालाई झुट्टा मुद्दा लगाएर जेल हाल्न थाल्यो अब प्रष्ट भयो कि विकसित घटनाक्रमहरू असावधानीवश होइनन् बरु यी खराब नियतकै जगमा तीव्रतामा छन् । अब बिस्तारै बहुदलीय व्यवस्थाप्रतिको जनताको आशा निराशा र आक्रोशमा बदलिन थाल्यो ।

सत्ताको उन्मादमा कांग्रेसले मुख्य दुई कुरालाई बेवास्ता गर्‍यो- एउटा जनताको निराशा र आक्रोशलाई सम्बोधन गर्ने काम र अर्को आफ्नो आन्तरिक किचलो सम्हाल्ने काम । कांग्रेस सत्तामा कहीं लठिठ्यो र कतै लट्पटियो । उसले भुइँ बिर्सिदियो । आफ्नै नेतृत्वको बहुमतको सरकार विना कारण आफैंले ढाल्यो । संसदको स्पष्ट बहुमतलाई आफैंले अपमान गर्दै संसद् विघटन गर्‍यो र जनतालाई थप निराशामा धकेलिदियो । यही उन्मादसँगै कांग्रेसले पाएको विकास, शान्ति र देश निर्माणको अवसर उसको हातबाट गुम्यो । त्यसले कांग्रेसको आन्तरिक जीवनलाई मात्रै प्रभावित गरेन बरु देशले अस्थिरताको अनन्त चक्रको विन्दुमा प्रस्थान गर्‍यो । जुन संस्कारबाट हामीले व्यवस्था परिवर्तनपछि पनि आफूलाई सम्हाल्न सकिरहेका छैनौं त्यहीबिलादेखि मुलुकको अस्थिरता र भ्रष्टाचारका अनेक काण्डका लागि व्यापक कुख्यात समयको सुरुवातमा हामी प्रवेश गर्‍यौं ।

### दोश्रो जनआन्दोलनपछिको अर्को अवसर

जनतामा उत्पन्न आक्रोश, अविश्वास र निराशालाई क्रान्तिकारी आन्दोलनमा बदल्न जनयुद्ध प्रारम्भ भयो । पूर्ण लोकतन्त्रहुँदै समाजवादमा पुग्ने उद्देश्य राखेर हामी युद्धमा होमियौं । जनयुद्धले देशव्यापी हस्तक्षेपकारी प्रभाव बिस्तार गरेपछि शान्ति प्रक्रियाहुँदै संविधान निर्माणको प्रक्रिया अगाडि बढ्यो । नेपालको परिवर्तनकामी इतिहासको २००७ सालदेखिको अधुरो एजेण्डा संविधानसभा निर्वाचन २०६४ मा माओवादीलाई प्रत्यक्षतर्फ १२० सिट दिएर जनताले क्रान्तिकारीहरूमाथि सामाजिक रूपान्तरणका साथै समानता र समृद्धिको आशा, विश्वास र भरोसा आफ्नो अभिमतमार्फत् प्रकट गरे । तर, ग्रामीण जनजीवनको दारुण चित्रसँग अभ्यस्त भएर आएको माओवादीले जनजीविकाका मूल मुद्दा सम्बोधनको साटो आफैंभित्रको किचलोलाई प्रधान बनायो । हामी आन्तरिक कलहमा रुमल्लियौं। राजनीतिक पार्टीहरू आफ्ना पूर्वघोषित मान्यता र प्रतिबद्धताबाट विचलित भएर निहीत स्वार्थको घेराबन्दीमा व्यस्त छन् भन्ने कुराको उचित जवाफ दिन हाम्रो संकल्प, जिम्मेवारी र भूमिका पूरा गर्ने कि नगर्ने ? समयले हामीसँग एकमुष्ट जवाफ मागेको छ । सहमति र सम्झौतामा तोकिएको मितिमा संविधान निर्माणलगायतका मूल कार्यभार सक्ने र नयाँ संविधानमार्फत् शासनको स्वरूप फेर्ने भन्दा दैनिक प्रशासनका झिनामसिना काममा अल्झिएर हामीले समयलाई बेवास्ता गर्‍यौं । नीतिमा हस्तक्षेपकारी पहलकदमी लिनुको साटो सेनापति र पुजारी हेरफेर जस्ता कुरामा हामीलाई उचालियो जुन हाम्रो नेतृत्वले महसुस र स्वीकार गरेर अघि बढेको विषय पनि हो । यस्ता झिनामसिना कचिंगलमा फस्दा हामीले चार वर्षको निर्धारित समयमा संविधान दिन सकेनौं । वास्तवमा पहिलो संविधानसभाको जनमत माओवादीका लागि इतिहासको सबैभन्दा ठूलो अवसर थियो ।

यस्ता स-साना कारणले गणतन्त्र सरकारको पहिलो प्रधानमन्त्रीले सरकारबाट राजीनामा दिएपछि माओवादीले नेतृत्व गर्न सक्दैन भन्ने भाष्य सृजना भयो । माओवादी नेतृत्वको सरकारको राजीनामा पछि बनेको माधवकुमार नेपाल सरकारविरुद्ध विद्रोहका नाममा राजधानीमा लाखौंलाख जनता सडकमा उतारियो तर, त्यसबाट कुनै ठोस नतिजा प्राप्त हुन सकेन । पार्टीको आदेशमा विद्रोह बोल्न राजधानी आएका इमान्दार क्रान्तिकारी जनता निराशा बोकेर फर्किनु पर पछि अदूरदर्शिता र असफलताको सन्देश सहित माओवादीको साख खस्कियो । त्यसले एकातिर प्रतिक्रियावादीहरूको मनोबल उठ्यो भने अर्कोतिर आफ्नो व्यावहारिक जीवनमा परिवर्तन खोजिर हेका जनता निराश भए । माओवादीले एक दशक युद्ध लडेर बनाएको संविधानसभा विघटन भयो ।

दोस्रो संविधानसभामा माओवादीप्रतिको विश्वासमा कमि आयो । माओवादीको नेतृत्वमा बन्नुपर्ने संविधान नेपाली कांग्रेसको नेतृत्वमा बन्न पुग्यो । यसमा पहल गुम्नुका पछाडि पहिलो संविधानसभा निर्वाचनदेखि पछिसम्म पनि दुई कार्यनीति विद्रोह र चुनावको गलत नारा एउटा कारण बन्यो र अर्को पार्टीभित्रको अन्तरविरोध व्यवस्थापन गर्न नसक्नुमा समस्या देखियो । त्यसका अतिरिक्त जनयुद्ध लडेको कुरालाई संवेदनशील र जिम्मेवाररूपमा लिनुको साटो हाम्रा अभिव्यक्ति र क्रियाकलापमा त्यो अहंकार र घमण्डका रूपमा अभिव्यक्त भयो । यिनै मुख्य समस्याको समीक्षा सहित बेलैमा समाधान पहिल्याउन नसक्दा हामीलाई प्राप्त ऐतिहासिक अवसर हाम्रो हातबाट गुम्यो ।

### नेकपाको नाममा प्राप्त तेस्रो अवसर

तेस्रो अवसर पनि नेपाली जनताले नेकपालाई दिएका थिए । एमाले-माओवादीको एकताबाट बनेको नेकपालाई दुई तिहाइ मत दिएर जनताले आर्थिक विकास, समृद्धि, सामाजिक न्याय र सुशासनको आशा गरेका थिए । हामीलाई प्राप्त यो अवसर मुख्य नेतृत्वको इगो हटले गुम्यो । त्यसले जनताका आशा पुन: निराशामा बदलियो । कुर्सी तानातानका क्रममा संसद् विघटनमात्र भएन नेकपा नै विघटित भयो । त्यो भन्दा पर पुगेर हेर्दा नेपाली जनताको उज्यालो सपना विघटन भयो । त्यही कारण जनतामा बलियो प्रभाव रहेको बामपन्थी मनोविज्ञानमा प्रहार भयो भने राष्ट्र निर्माण गर्ने सुनौलो समय र स्वर्णिम अवसर हामीबाट फुत्कियो । त्यसले मुलुकको सर्वाधिक महत्वपूर्ण एजेण्डा राजनीतिक स्थायित्वको बहुप्रतीक्षित आशालाई धुलिसात् बनायो । निकै उत्साहका साथ हेरिएको नेकपा उदयको त्यो समय अन्तरसंघर्ष, नेतृत्वबीचको लोभलालसा र सत्ता तथा शक्ति हत्याउने दाउपेचको दुष्चक्रबाट बचाउन सकिएन । भ्रष्टाचार र बेथितिले पार्टी र नेतृत्वप्रति निराशा र अविश्वास व्याप्त छ । यसले व्यवस्था धरापमा पर्ने खतरा बढ्दैछ र राजनीतिक संस्कार बदलाभावतिर उन्मुख हुँदैछ । यो भयानक विचलनको लक्षण हो । राजनीतिक दल, नागरिक अगुवालगायत सबैको सुझावका आधारमा यो व्यवस्थालाई सबैको अपनत्व हुने गरी तय गरिएका एजेण्डाको जगमा चुस्त कार्यान्वयन गर्ने । यस्तो विधिले विकास समृद्धि, सुशासन र लोकतन्त्रको रक्षा गर्न सक्छ । त्यसका लागि राष्ट्रिय सहमति जरूरी छ ।

### आशा र निराशाको दोधार

२०४८ को आम निर्वाचनदेखि यताका ३३ वर्षलाई फर्केर हेर्दा विकासका दृष्टिकोणले केही पनि भएन भन्ने कुरा सही होइन । व्यापक सडक सञ्जाल, विद्युतीकरण, खानेपानी, विद्यालय, सिंचाइ, शहरीकरण, स्वास्थ्य संस्था आदिमा उल्लेख्य प्रगति छ । सामाजिक सुरक्षाका विभिन्न सूचकहरू सुदृढ छन् । दूरसञ्चारका क्षेत्रमा व्यापक प्रगति छ । हवाई र सडक यातायातको आँकडा प्रगतिमय नै छ । यसलाई योजनाबद्ध विकासमा ढाल्दै व्यवस्थित गरे पुग्छ । वैदेशिक रोजगार आवश्यकता र संस्कृति दुवै भइसकेको सन्दर्भमा रेमिट्यान्स त राम्रै छ तर, गाउँ खाली छन् । उत्पादन शून्य छ । खेतबारी बाँझो छन् । तरकारी र फलफूलगायत दैनिक खाद्य उपभोग्य वस्तुका लागि आयातमा निर्भर हुनु, उच्च तहको अध्ययन गर्ने शैक्षिक संस्थाहरू खाली हुँदै जानु, विश्वविद्यालयहरू रित्तिनु र विदेश जाने युवाहरूको भीडले विमानस्थल चौबीसै घण्टा व्यस्त रहनु हाम्रो निकट भविष्यका लागि राम्रा संकेतहरू होइनन् । केही उद्योगहरू रुग्ण हुँदै जाने र केही बन्द हुँदै जाने कुरा चिन्ताको विषय हो । उद्योग बन्द हुँदै जाने, निर्माण क्षेत्र ठप्प हुँदै जाने, रोजगारीको माग दिन प्रतिदिन बढ्दै जाने यी सबै कुरालाई सन्तुलनमा राख्ने नीति निर्माणको मियो राजनीतिक क्षेत्र अस्थिर बन्दै जाने हो भने नागरिकलाई मुलुकमा भविष्य छ भनेर कसरी विश्वास दिलाउन सकिन्छ ? गठबन्धन स्थायित्वका लागि हुने हो । हामीकहाँ अस्थिरताका लागि गठबन्धन तय हुन्छन् । संविधानमा उल्लेख अधिकार, कर्तव्य, व्यक्ति र समाजबारे हाम्रो जुन परिकल्पना छ, त्यसको कार्यान्वयनका लागि पनि हामीलाई निरन्तर अस्थिरताको चक्रमा घुम्ने छुट हुनुहुँदैन । राष्ट्रियताका समस्याहरू छन्, भूराजनीतिक जटिलताहरू थप गम्भीर छन् । जनजीविका र सामाजिक सुरक्षाका क्षेत्रमा हामीले बलियो प्रतिबद्धता गर्न बाँकी छ र त्यसको कार्यान्वयनमा लाग्नु छ । परिवर्तनका हरेक मोडमा जनताले गरेको योगदानको कदर कहिले गर्ने ? हामीले सडकमा हुँदा बाँडेका र घोषणापत्रमा दावी गरेका आश्वासनहरू कसले पूरा गर्ने ?

राज्यका संरचनाहरू अति राजनीतिकरणको सिकार छन् । उस्तै परे वर्षमै दुई-तीन चोटि नयाँ सरकार बनेको समाचार सुन्न पाउने जनताले आफ्ना लागि सरकारले नयाँ के गर्‍यो भन्ने कहिल्यै सुन्न पाउँदैन । समस्याको चाङ लाउन र निराशाको बृद्धि गर्न बाहेक हामीसँग खासै काम देखिँदैन । कर्मचारीतन्त्र विना काम समय बिताउनमै व्यस्त छ र भ्रष्टाचारमा राजनीतिक समन्वय बाहेकमा उसले पनि खासै अरुमा रुचि राख्दैन । सार्वजनिक वित्त क्षेत्रको एउटा सरल स्थानीय पार्टका रूपमा रहेको सहकारी धन्दा गर्न र लुकाउनमै व्यस्त छ । लघुवित्त आफूलाई नयाँ सुद्खोरका रूपमा प्रस्तुत गर्दैछ ।

बैंकले ऋण लगानीमा सहजताभन्दा आफ्नो लगानी सुरक्षा सुनिश्चितताबाट दायाँ-बायाँ छैन । आफूसँग रहेको ७ खर्ब बढी लगानीयोग्य रकमलाई सहज ऋण प्रवाहमा लैजान बैंकिङ क्षेत्र तयार छैन । राम्रो धितो देखे कब्जा गर्ने हैसियतसम्म पनि झरिदिने बैंकरहरूका कारण बैंकभन्दा बढी ऋणीले आफूलाई असुरक्षित महशुस गर्नुपर्ने अवस्था छ । राज्यको अस्थिर नीतिले उद्योगधन्दा र पेशा व्यवसायमा आत्मविश्वास छैन । राजनीतिको अनैतिक यात्राले लोकतन्त्रको महत्व र गरिमा, प्रतिस्पर्धाबाट हासिल हुने श्रेष्ठता र जनताको निर्णयको ताकत खुम्चिएका छन् । सत्ताको लुछाचुँडीले सबै मूल्यहरू औचित्यहीन बनाइँदैछ । आफैंले ल्याएको संघीयतामा विकृति थोपर्ने होड छ । राजनीतिक क्षेत्रले व्यवसायीहरूलाई अनाहकमा दु:ख दिने गरेका गुनासा सम्बोधन गरिँदैन । राजनीतिक पार्टीभित्रका अनियमितता, भ्रष्टाचार हिनामिना, सहकारीका समस्याहरूको नैतिक जिम्मेवारी कसरी लिने यसमा कुनै निष्कर्ष आउँदैन । सहजीकरण भन्दा अराजकता र बदलाभावलाई केन्द्रमा राख्ने गरिन्छ । यस्तै त्रुटिहरूले समाज पछिल्लो समय सस्तो लोकप्रियता र भ्रम छर्न निपुणहरूबाट आक्रान्त छ । राजनीतिक पार्टीहरू विस्तारै प्रतिशोधको पाकिस्तानी मोडेलमा रूपान्तरण हुँदै छन् । यस्तो अवस्थामा वर्तमान संविधान, लोकतन्त्रको रक्षा, आर्थिक संकटको समाधानसहित जनताको निराशालाई चिर्ने कुरा यथास्थितिबाट कुनै सम्भावना देखिँदैन ।

### देश यसरी पो अगाडि बढ्छ

अहिलेको संविधानका महत्वपूर्ण विषय संघीय गणतन्त्र, सहभागितामूलक लोकतन्त्र र समानुपातिक प्रतिनिधित्वलाई कमजोर होइन सुदृढ गरेरमात्रै मुलुक अघि बढ्न सक्छ । बरु जनचाहनाबमोजिम जनताको मत सर्भे गर्दै मुलुकका एजेण्डा तय गर्ने, ती एजेण्डा कार्यान्वयनको मोडालिटी र समय निर्धारण गर्ने, त्यसलाई वडादेखि संसद्हुँदै विश्वविद्यालय र बौद्धिक फोरमहरूमा बहस गर्ने ।

**१. सामाजिक न्याययुक्त समाज:** सामाजिक क्षेत्रमा विद्यमान विभेदहरूको अन्त्यका लागि जातीय विभेद, असमानता र महिला हिंसा अन्त्य, भाषिक-साँस्कृतिक विभेदको अन्त्य, अनाथ, अशक्त, बृद्ध र बालबालिकामाथिको विभेद अन्त्यको लागि व्यावहारिक कदम चाल्दै गरिब, असहाय र बेरोजगारहरूप्रति राज्यको अभिभावकत्व सुनिश्चित गर्नुपर्छ ।

**२. गरिबी अन्त्य र रोजगारी सृजना:** निरपेक्ष गरिबीको रेखामुनि भएका परिवारलाई राज्यले अभिभावकत्व लिएर पूर्ण व्यवस्थापन गर्नुपर्छ । गरिबलक्षित विशेष कार्यक्रम र रोजगारी सृजनाका लागि हामीसँग उपलब्ध प्राकृतिक स्रोतको परिचालन गर्नुपर्छ ।

**३. स्वास्थ्य-शिक्षामा गुणस्तरीयता र सहज उपलब्धता:** सार्वजनिक शिक्षामा सुधार गर्दै गुणस्तर कायम गर्ने र देशको आवश्यकताअनुसार विज्ञान प्रविधियुक्त आधुनिक शिक्षामा जोड दिँदै आत्मनिर्भर र कुशल जनशक्ति निर्माण गर्ने । स्वस्थ हुने विधि अपनाउँदै निरोगी रहन आवश्यक स्वास्थ्य मार्गदर्शन जारी गर्ने । बिरामी हुँदा नि:शुल्क उपचारको ग्यारेण्टीका लागि मेडिकल क्षेत्रमा दक्ष जनशक्ति, भौतिक पूर्वाधार तथा नवीनतम प्रविधिको उपयोगका लागि वातावरण तयार गर्ने ।

**४ कृषि उद्योग, जलश्रोत र पर्यटन क्षेत्रको प्रवर्धन:** उत्पादनयोग्य सबै जमिनको प्रयोग, देशको आवश्यकता र मागअनुसार कृषि उत्पादन तथा उत्पादित वस्तुको बिक्री वितरणका लागि बजारी करणको व्यवस्था गर्नुपर्छ । हामीसँग पर्याप्त भएको जलस्रोतबाट विद्युत् उत्पादन, खपत र बिक्री वितरणका समग्र योजना र पूर्वाधार निर्माण गर्दै ग्रिन एमोनिया उत्पादनको दिशातर्फ नीति निर्माण र कार्यान्वयनमा ढिलाइ गर्न हुन्न । लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, सगरमाथा र मानसरोवर केन्द्रित पर्यटन तथा धार्मिक पर्यटनको लागि भौतिक पूर्वाधारको तयारी गरी बृहत् परियोजनामा जोड दिनुपर्छ ।

**५. दीगो पर्यावरणीय विकास र पूर्वाधार:** पर्यावरणीय सन्तुलन कायम राख्दै दीगो विकास गर्नुपर्ने र प्रतिफलयोग्य विकासका लागि समावेशी विकासलाई पनि ध्यान दिनुपर्ने हाम्रो आवश्यकता छ । विकासका पूर्वाधारहरू तय गर्दा नयाँ प्रविधिमा आधारित सडक सञ्जाल निर्माणसँगै भौगोलिक विविधता र विशेषताअनुरूप पारवहन सुविधा सुनिश्चित गर्न कनेक्टिभिटीका विभिन्न मोडेल लागू गर्नुपर्छ ।

**६. भाषा-संस्कृति-इतिहास र सम्पदा पहिचान:** हाम्रा कला सभ्यताको विकास गरिँदा र पहिचान स्थापित गरिँदा देशको विविधताको स्वीकारोक्ति हुनुपर्छ । सबै जाति, क्षेत्र र समुदायका भाषा, संस्कृति र सम्पदाहरूको संरक्षण र प्रबर्द्धन गरी तिनको वास्तविक इतिहासलाई न्यायसंगतरूपमा लिपिबद्ध गर्न सकिएमात्र हामीले इतिहास, कला र सभ्यताको वास्तविक गहिराइलाई आत्मसात् गर्न सक्छौं ।

**७. संविधान, समावेशिता, न्याय र कानुन:** संविधानको रक्षा र समावेशिताको प्रयोग हाम्रा अगाडिको मूल चुनौति हो । यसमा शक्ति र पहुँचको हिसाब नगरी सत्य पहिचानका आधारमा हामीले आमनागरिकलाई राज्यको मूलधारमा समाहित हुनसक्ने सहज बाटो खोलिदिनुपर्छ । न्याय सबैका लागि समान हो भन्ने सत्य स्थापित गर्दै जनमुखी कानुनको निर्माण गर्नुपर्दछ ।

**८. शासन, सुशासन र संरचना:** अनावश्यक, बोझिला र झन्झटिला सरकारी संरचनाको कटौती गर्नु, आवश्यक जनशक्तिको ५० प्रतिशत करारमा राख्नु, प्रत्यक्ष निर्वाचित शासन व्यवस्था अंगीकार गर्नु, सुशासनयुक्त कार्यसम्पादन र भ्रष्टाचारविरुद्धको जनचेतना फैलाउनु, संरचनाहरू मुलुकको अर्थतन्त्रले थेग्न सक्ने बनाउनु आजको आवश्यकता हो ।

**९. राष्ट्र, राष्ट्रियता र परराष्ट्र:** राष्ट्र आत्मनिर्भरताका साथै आवश्यकताको महसुसबाट जन्मन्छ । आर्थिक आत्मनिर्भरताबाट विकासहुँदै गएको राष्ट्र वास्तवमै सार्वभौम बन्न सक्छ । यदि हामीले आर्थिक आत्मनिर्भरतामा आफूलाई डोर्‍याउन सक्यौं भने वर्तमान विश्व व्यवस्थाभित्रका युद्ध र ध्रुवीकरण, संघर्ष र टकरावबाट हामीलाई लाभान्वित हुने अवसर प्राप्त हुन सक्छ । आत्मनिर्भर नहुँदासम्म त्यस्ता असरहरूबाट बच्दै, कम क्षति व्यहोर्दै अघि बढ्ने स्वतन्त्र नीति लिनुपर्ने हुन्छ । हरेक नागरिकमा राष्ट्रप्रति गौरब गर्ने चेतनाको विकास गर्न जरूरी छ । जनताको देशप्रेममा हौसला, देशभक्त गतिविधिमा प्रेरणा र राष्ट्र निर्माणलाई कर्तव्य ठान्ने चेतनालाई सम्मान गर्दै मुलुक बलियो बनाउन सकिन्छ ।

**१०. सूचनाप्रविधि, विज्ञान र अनुसन्धान:** एक्काइसौं शताब्दीको विश्वसँगै हिंड्न विज्ञान र प्रविधिको सदुपयोग गर्दै देशको आवश्यकता परिपूर्तिका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा उभिनसक्ने नवप्रवर्तनमा योजनाबद्ध लाग्नुपर्छ । विश्वव्यापी प्रतिस्पर्धा र अनुसन्धानसँग नजोडिएको मुलुक निकट भविष्यमा लोपोन्मुख हुने खतरा छ भन्ने कुरालाई शासनले हमेशा ख्याल गर्नुपर्छ ।

र अन्त्यमा फेरि पनि सबै नीतिहरूको माउ नीति राजनीति भएकाले यो सङ्लो, स्वस्थ, चुस्त, मर्यादित र गरिमामय उपस्थितिमा रहनैपर्छ । त्यसो हुँदामात्रै हामी पार्टीहरूलाई लोकतान्त्रिक मूल्य मान्यतामा आधारित बनाउँदै सहज नेतृत्व प्रणालीको विकास गर्न सक्छौं । यदि हामी जनसम्बन्ध सुदृढका लागि तयार छौं भने जनजीविकाका प्रश्नहरूमा केन्द्रित नीति, योजना र कार्यान्वयनलाई प्रभावकारी बनाउने सामर्थ्यका साथ उभिने हिम्मत गरौं ।

जनताका अपेक्षा र आकांक्षालाई पूरा गर्न माथि उल्लेखित एजेण्डालाई व्यापक बहसका बीचबाट राष्ट्रिय श्वेतपत्रका रूपमा जारी गरी त्यसलाई कार्यान्वयन गर्ने साझा प्रतिबद्धता जाहेर गरौं । यसले मात्रै अहिलेको राजनीतिक निराशा र संकटको अँध्यारोलाई चिर्न सक्छ ।

*साभार: अनलाइनखबर*

# सौगात मल्ल स्टारर 'बम बहादुर'को टिजर सार्वजनिक, प्रदर्शन मिति तय



काठमाडौं/ अभिनेता सौगात मल्लको मुख्य अभिनय रहेको फिल्म 'बम बहादुर'को टिजर सार्वजनिक भएको छ । टिजरमा पुस ५ गतेलाई प्रदर्शन मितिको रुपमा घोषणा गरिएको छ । सो मितिमा फिल्मलाई नेपाल र भारतमा एकसाथ प्रदर्शन गर्ने जनाइएको छ । सन्देशमूलक र ऐतिहासिक कथावस्तुको यो फिल्मले भारतको दार्जिलिङ पहाड र डुअर्समा बसोबास गर्ने नेपाली भाषी समुदायको संघर्षलाई चित्रण गर्छ ।

सन् १९८० को दशकमा भएका घटनामा कथावस्तु आधारित रहेको जनाइएको छ । निर्देशक जोन राईले यो फिल्मलाई डिजिटल दस्तावेजको रुपमा उल्लेख गरे । फिल्ममा रहस्य, कौतुहलता, प्रेम र सामाजिक कथावस्तु उल्लेख रहेको उनको भनाइ छ । निर्माता सञ्जीव सार्कीले सन्ततिलाई इतिहास सम्झाउने उद्देश्यले फिल्म निर्माण गरेको बताए । बिष्ट ब्रदर्स फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको यो फिल्ममा सौगातसहित प्रशान्त राई, अनिशा रसाइली, भास्कर प्रधान, महेन्द्र बग्दास, मदन भुजेल, भरत वशिष्ठ, अजय प्रधान, शान्तिला तामाङ, रिया भुजेल, बाल कलाकार वशिस्ट कार्की, सुरेश पन्चकोटीको अभिनय छ ।

# वितरकले हलबाट 'अव्यवहारिक एमजी' मागेपछि रोक्न चलचित्र संघको चेतावनी




काठमाडौं/ केही वितरकले मोफसलका हलबाट अव्यवहारिक मिनिमम ग्यारेन्टी (एमजी) र फिक्स माग गरेपछि प्रदर्शकको छाता संस्था चलचित्र संघले यो कार्य रोक्न चेतावनी दिएको छ ।

संघले सोमबार विज्ञप्ति जारी गर्दै यस्तो कार्य नरोकिए कदम चाल्ने चेतावनी दिएको छ । फिल्मले जति ब्यापार गर्छ, सोही अनुपातमा लेनदेन गर्नुपर्ने व्यापारको मूल्यमान्यता र सर्वमान्य सिद्धान्त भएको संस्थाले उल्लेख गरेको छ । प्रदर्शकबाट वितरकले अव्यवहारिक एमजी मागेको गुनासो संस्थामा आएकाले गुनासो आएका वितरकलाई बोलाएर छलफल गराउने तयारी संस्थाको छ । 'अन्यथा नेपाल चलचित्र संघले चाल्ने कदमको उत्तरदायी स्वयम वितरक संस्था हुने व्यहोरा जानकारी गराउँदछौं' महासचिव सुरेन्द्र थापाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।तत्कालिन सरकारले करमा समेत अव्यवहारिक एमजीको व्यवस्था गर्दा अदालतले समेत त्यसलाई खारेज गरेको नजिर पनि संघले उल्लेख गरेको छ । 'विशेषगरि मोफसलका हलबाट यसबारेका गुनासो धेरै आएको छ । हामी सम्बन्धित वितरकलाई बोलाएर स्पष्टीकरण सोध्छौं' प्रवक्ता समेत रहेका थापाले भने, 'यस्ता गैरकानूनी कार्य रोक्न हामी प्रतिबद्ध छौं ।'

# पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउन सरकारी वकिलले लिएका पाँच मुख्य आधार



काठमाडौं/ मानव तस्करीको आरोपमा पक्राउ परेका कोशी प्रदेशका पूर्वमन्त्री लिलाबल्लभ अधिकारीलाई मुद्दा नचलाउने निर्णय गर्दा सरकारी वकिलले ५ वटा मुख्य आधार लिएको बताएको छ । जिल्ला न्यायाधिवक्ता सीताराम अर्यालले अन्य ३ युवा जापानबाट डिपोर्ट भएर फर्किएको भए पनि कोशीका पूर्वमन्त्री अधिकारी जापानमा पुगेर अध्यामनसँग आफैं समन्वय गरेर फर्किएको पाइएको बताए । उनले भने, 'मन्त्रीज्यूले चाहिँ आफैं जानकारी गराएर आउनुभएको रहेछ ।'

पक्राउ परेका आरोपीहरुले पूर्वमन्त्री अधिकारीलाई विदेश पठाए वापत रकम दिएको भन्ने नखुलाएको समेत उनले बताए । उनले थपे, 'आरोपीहरुको बयान दोस्रो आधार भयो, साथै उहाँले पनि मानव तस्करीको कसुरमा संलग्नता इन्कार गर्नुभएको छ र तस्करीको विषय कल्पना पनि गर्न नसक्ने बयान दिनुभएको छ ।'सरकारी वकिलले अधिकारीविरुद्ध मुद्दा नचलाउन विमानस्थलको सीसी टीभी फुटेजलाई आधार बनाएको छ ।

पूर्वमन्त्री अधिकारी टोकियो महानगर र आर्ट काउन्सिल टोकियोले आयोजना गरेको एक कार्यक्रममा सहभागी हुन भन्दै ११ कात्तिकमा जापान उडेका थिए । तर उनीसँगै जापान गएका खोटाङका केपिलासल गढीगाउँपालिका-४ का ४१ वर्षीय जनक राई, खोटाङको ऐसेलुखर्क गाउँपालिका-२ का ३७ वर्षीय दावा शेर्पा र रसुवाको कालिका गाउँपालिका-५ का २१ वर्षीय कञ्चन देवकोटा नारिता विमानस्थलको अध्यागमनमा केरकारमा परेका थिए ।

पछि मन्त्री अधिकारीसहित चारै जनालाई होल्डमा राखेर जापानको अध्यागमनले डिपोर्ट गरि दिएको थियो । डिपोर्ट भएपछि अध्यागमन विभागले थप अनुसन्धानका लागि तीन जनालाई उपत्यका अपराध अनुसन्धान कार्यालयको जिम्मा लगाएको थियो । तर, प्रहरीले गरेको जाँचका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पूर्वमन्त्री अधिकारीसँग उनीहरुको काठमाडौंमा भेट नभएको विषयलाई आधार बनाउँदै मुद्दा नचलाउने निर्णय गरिएको छ । 'पक्राउ परेका प्रतिवादी महेश पाण्डेले पठाएका म्यासेजहरु पनि उहाँहरुले हेरेको देखिएको छैन, त्यसकारणले उहाँले जानकारी भएर तीन जनालाई लगेको जस्तो देखिन्न', अर्यालले भने ।

सरकारी वकिलले आरोपीबाट बरामद परिचय पत्रमा भएको हस्ताक्षर समेत कीर्ते भएको जाँचबाट देखिएको भनेको छ । 'परिचय-पत्रमा सही गरेको देखिए पनि परीक्षण प्रतिवेदनले मेल खाएको देखाउँदैन', अर्यालले भने, 'त्यो परिचय पत्रमा भएको सहीको नमुना नमिलेकाले पनि मुद्दा नचलेको हो ।'पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउने निर्णय गर्दा सरकारी वकिलले जापानबाट नेपाल प्रहरीका डीआईजी चन्द्रकुवेर खापुङ र राजन अधिकारीलाई पठाएको म्यासेजलाई पनि मुख्य आधार बनाएको छ । 'जापानबाट ३ जना डिपोर्ट भएर फर्किएको भए पनि पूर्वमन्त्रीज्यू चाहिँ आफैं अध्यागमनलाई जानकारी गराएर फर्किनु भएको थियो', अर्यालले थपे । अर्यालले यी विषयहरु हेर्दा अधिकारीविरुद्ध मुद्दा चलाउनलाई पर्याप्त आधार, प्रमाण नदेखिएको बताए । बाँकी ११ जनाविरुद्ध भने जिल्ला अदालत, काठमाडौंमा मुद्दा दर्ता गरिएको उनले जानकारी दिए ।

# स्वास्थ्य प्रणालीमा विश्वास निर्माण गर्न सक्नुपर्छ : मन्त्री पौडेल



काठमाडौं / स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवा प्रणालीमा विश्वास निर्माण गर्न सक्नुपर्ने बताएका छन् । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले स्वास्थ्य सेवा प्रणालीलाई विश्वासिलो बनाउनुपर्नेमा जोड दिएका हुन् ।

मन्त्री पौडेलले स्वास्थ्य प्रणालीलाई जिम्मेवार र जबाफदेही बनाउँदै लैजान आवश्यक रहेको बताए । उनले स्वास्थ्य प्रणालीलाई थप वैज्ञानिक बनाउनुपर्ने पनि बताए । उनले स्वास्थ्य अनुसन्धानमा गर्ने कामले लाखौं मानिसहरू प्रभावित हुने भन्दै अनुसन्धान गर्दा नैतिक अभ्यासको महत्व बुझ्न जरुरी रहेको उल्लेख गरे । उनले स्वास्थ्य अनुसन्धान अभ्यासहरू सुधार गर्ने यात्रा जारी रहेको बताए । मन्त्री पौडेलले नेपालमा स्वास्थ्य अनुसन्धानको भविष्य आजको कामले निर्धारण गर्ने बताए । नैतिक, जिम्मेवार र समावेशी अनुसन्धान वातावरण सिर्जना गरी एक भएर काम गर्न उनले आह्वान गरे । विश्वव्यापी स्वास्थ्यको सुधारका लागि एक भएर काम गर्न उनले आह्वान गरे ।

# चीन भ्रमणमा ऋणसम्बन्धी कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री

काठमाडौं / प्रधानमन्त्री केपी शर्मा ओलीले यही मङ्सिर १७ गतेदेखि हुने आफ्नो यस पटकको औपचारिक चीन भ्रमणमा क्रममा कुनै ऋणसम्बन्धी सम्झौता नहुने स्पष्ट गर्नुभएको छ ।

आशन्न चीन भ्रमणका सम्बन्धमा आज पूर्व प्रधानमन्त्री र पूर्व परराष्ट्रमन्त्रीहरुसँगको छलफलमा प्रधानमन्त्री ओलीले बिआरआइ ऋणको परियोजना नभएको उल्लेख गर्दै चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको विषय नभएको स्पष्ट गर्नुभयो । "हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौं । ऋणको पासोमा पार्न ऋण लिईदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नु हुँदैन । चीनसँग हाम्रो लामो र मित्रवत सम्बन्ध छ । दुई देशको मित्रतालाई थप बहुआयामिक बनाउन यो भ्रमण गर्न लागिएको हो ।",प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरी प्राथमिकतामा राख्छौं । त्यसकाराण यो भ्रमण सफल हुन्छ । सरकारमा रहेका नेपाली काँग्रेस र नेकपा (एमाले) का बीचमा भ्रमणका विषयमा विवाद छ भनेर भ्रम फिजाउँनुको कुनै अर्थ छैन । विश्व शान्ति र नेपालको हितमा बाहेक हामी अरु कुनै काम हामी गर्दैनौं म साथीहरुलाई यसमा ढुक्क हुन आग्रह गर्दछु ।" उहाँले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुने गरी तयारी भएको जानकारी दिनुभयो । प्रधानमन्त्री ओलीले अर्को छिमेकी भारतसँग पनि उस्तै मित्रवत सम्बन्ध रहेको स्पष्ट गर्दै दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुने गरी लिन सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई कुनै देशविरुद्ध 'कार्ड' का रुपमा कसैले लिन नहुने आग्रह गर्नुभयो ।

छलफलमा पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफूले विगतमा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको बताउँदै आफूले चीन कार्ड खेल्न खोजेको भन्ने आशयले नभई मुलुककै राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने भनी अभिव्यक्ति दिएको स्पष्ट गर्नुभयो । उहाँले गत वर्ष आफू प्रधानमन्त्री हुँदा चीनसँग भएका सम्झौताहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चीन भ्रमणका सवालमा सत्तारुढ दुई दलीय संयन्त्रबाट एजेण्डाका विषयमा गृहकार्य भइरहेको छ र प्रधानमन्त्री तहबाट चाँडै सबै एजेण्डालाई अन्तिमरुप दिने बताउनुभयो । उहाँले यस विषयमा दुई दलमा बाहिर आए जस्तो कुनै विवाद नरहेको बताउनुभयो ।

# कीर्तिपुर आएर स्वतन्त्र उम्मेदवार राजमानलाई भोट माग्दैछन् हर्क सम्पाङ



काठमाडौं /कीर्तिपुर नगर पालिकाका स्वतन्त्र उम्मेदवार राजमान मानवलाई सहयोग गर्न धरान उपमहानगरपालिकाका मेयर हर्कसाम्पाङ काठमाडौं आएका छन् । मानव पनि आफूजस्तै भुइँ मान्छे भएकाले चुनावी अभियानमा सहयोग गर्न काठमाडौं आएको उनले बताए । साम्पाङले भने, 'देशमा गफ गर्ने मान्छे धेरै छन्, काम गर्ने मान्छेको खाँचो भएकाले कीर्तिपुरवासीले सफाइ अभियन्तालाई साथ दिनु हुन्छ भन्ने अपेक्षा छ ।' देशमा ७५३ स्थानीय तह भएपनि काठमाडौं, धनगढी र धरानको मात्र चर्चा हुने गरेको उल्लेख गर्दै साम्पाङले भने, 'कीर्तिपुरलाई पनि त्यस्तै चर्चाको केन्द्रमा राख्न तपाईंहरुले काममा विश्वास गर्ने राजमान मानवलाई जिताउनु पर्छ ।' स्वतन्त्र उम्मेदवार मानवले साम्पाङको उपस्थितिले आफ्नो चुनावी अभियानलाई धेरै फाइदा गर्ने बताए । 'हुन त कीर्तिपुरवासीले मेरो कामलाई पहिल्यै देख्नुभएको छ, तर हर्कजी पनि आउनु भएपछि थप मतदाताको नजरमा म परेकोछु' उनले भने, 'यस्तोमा कीर्तिपुरमा पुराना दलहरुले गरेको फोहोर सफा गर्न मलाई एकपटक अवसर दिनुहोला ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### बागमती प्रदेश मन्त्रिपरिषद् बैठक

# सचिव अभावले गैह्रे र केसीलाई दोहोरो जिम्मेवारी

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बागमती प्रदेश सरकारका दुईजना सचिवलाई अर्को व्यवस्था नभएसम्मका लागि दुई-दुई वटा मन्त्रालयको जिम्मेवारी दिइएको छ । सोमबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले सचिवहरु बद्रीनाथ गैह्रे र राजेन्द्रकुमार केसीलाई थप जिम्मेवारी तोक्ने निर्णय गरेको हो ।

गैह्रे सामाजिक विकास मन्त्रालय र केसी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिवको जिम्मेवारीमा छन् । मन्त्रिपरिषद् बैठकले गैह्रेलाई युवा तथा खेलकुद मन्त्रालय र केसीलाई संस्कृति तथा पर्यटन मन्त्रालयको थप जिम्मेवारी दिएको सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिएका छन् । केही दिन अघिमात्र सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद र उद्योग मन्त्रालयबाट पयर्टन मन्त्रालय छुट्याएर नयाँ गठन गरिएको थियो ।

सचिव अभाव भएकाले दोहोरो जिम्मेवारी दिनु परेको मन्त्री लामिछानेले जानकारी दिएका छन् । प्रदेश सरकारलाई अझै पाँचजना सचिव आवश्यक रहेको बताइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै एकजना सचिव अपुग छन् । मन्त्री लामिछानेकाअनुसार बागमती सरकारले प्रदेशमा समायोजन भएर आएका ११ औं तहका कर्मचारीलाई नै सचिवको जिम्मेवारी तोक्ने गरी गृहकार्य गरि रहेको छ ।

'हामीले संधैभरि संघीय सरकारसँग कर्मचारी मागिराख्नु पर्ने र उहाँहरुले पठाउँदा पनि दुई महिनामा रिटायर्ड हुने गरी पठाइएको छ । अब प्रदेश लोकसेवा आयोगबाट बुढवा भएका ११ औं तहका कर्मचारीलाई सचिव बनाउने गरी छलफल भएको छ' प्रवक्ता लामिछानेले भने । सचिव अभावको समस्याको दीर्घकालीनरुपमा समाधान गर्नका लागि प्रदेशले सचिव तयार गर्ने गरी छलफल भएको लामिछानेले जानकारी दिएका छन् ।

प्रदेशले आफ्नै सचिव राख्ने सम्बन्धमा मुख्यसचिव एकनारायण अर्यालसँग आइतबार छलफल भएको मन्त्री लामिछानेले बताए । संघीय सरकारमा पनि सचिवको अभाव भएको अवस्थामा प्रदेश सरकार आत्मनिर्भर हुनुपर्ने उनको जोड थियो । बागमतीले यसअघि नै प्रदेश निजामति सेवा ऐन बनाएर कार्यान्वयनमा लगिसकेको छ ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०८०/८१ को शासकीय सुधार तथा सुशासनसम्बन्धी मन्त्रालयगत प्रगति प्रतिवेदनलाई समष्टिगतरुपमा प्रदेशसभामा पेश गर्ने निर्णय गरेको मन्त्री लामिछानेले जानकारी दिएका छन् । प्रदेश खेलकुद विकास परिषद् सदस्यमा ललितपुरका रवि महर्जन, मकवानपुरका संगीत श्रेष्ठ, चितवनका नवीना खनियाँ र रामेछापकी कल्पना खड्कालाई नियुक्त गरिएको छ ।

मन्त्रिपरिषद्ले स्वास्थ्य संस्था सञ्चालन तथा व्यस्थापन समितिसम्बन्धी नियमावली र प्रदेश स्वास्थ्य सेवा दोस्रो संशोधन नियमावली-२०८१ लाई स्वीकृत दिने निर्णय गरेको छ । यी दुई प्रस्ताव गत बिहीवारको मन्त्रिपरिषद् बैठकमा स्वास्थ्य मन्त्रालयले पेश गरेको थियो ।

## हेटौंडामा पहिलोपटक टि-१० क्रिकेट आयोजनाको तयारी

हेटौंडा, १० मंसिर/ मकवानपुरमा पहिलोपटक टि-१० क्रिकेट प्रतियोगिता हुने भएको छ । नेपाल मुस्लिम इत्तेहाद संगठन जिल्ला कमिटीले मकवानपुरमै पहिलोपटक सर्वाधिक राशिको क्रिकेट प्रतियोगिताको आयोजना गर्न लागेको हो ।

आइतबार पत्रकार सम्मेलन गर्दै संगठनले यही मङ्सिर १२ गतेदेखि १५ गतेसम्म हेटौंडा-४, हुप्रचौरमा सञ्चालन हुने क्रिकेट प्रतियोगिताबारे जानकारी दिएको हो । प्रतियोगितामा बागमती प्रदेशका सात र मधेश प्रदेशका ९ टिम गरी १६ टिमले सहभागिता जनाउने नेपाल मुस्लिम इत्तेहाद संगठन जिल्ला कमिटी मकवानपुरका बरिष्ठ उपाध्यक्ष अब्दुल्ला अन्सारीले जानकारी दिए ।

नकाउटको आधारमा खेलाइने प्रतियोगिताको विजेताले एक लाख नगद र उप विजेताले नगद ५० हजारसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा बेष्ट ब्याट्स म्यान, बेष्ट बलर, हरेक खेलका प्लेयर अर्फ द म्याच र प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई ट्रफी प्रदान गरिने प्रतियोगिताका सहसंयोजक प्रमोद मानन्धरले जानकारी दिए । प्रतियोगिता सञ्चालन गर्नका लागि करिब छ लाख रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ ।

# उत्कृष्ट १४ उद्यमीलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बागमती प्रदेश सरकारले १४ वटा लघुउद्यमीलाई सम्मान गरेको छ । काभ्रे बनेपास्थित झ्याम्बल कृषि फर्म प्रदेशकै सर्वोत्कृष्ट घोषित भएको छ ।

१० औं उद्योग दिवसको अबसरमा हेटौंडा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले प्रदेशका १३ वटै जिल्लाबाट उत्कृष्ट उद्यमीको खोजी गरेर सम्मान गरेको हो । काभ्रेको झ्याम्बल कृषि फर्मले सर्वोत्कृष्ट हुँदै एक लाख नगद पाएको छ ।

झ्याम्बलले भोगटेको बोक्राबाट, लप्सी, किबिलगायतका फलफूल तथा घरायसी खाद्यान्नबाट क्याण्डी तितौरा उत्पादन गर्दै आएको छ । झ्याम्बलले देशमै पहिलोपटक विभिन्न प्रकारका क्याण्डी तितौरा उत्पादन गरेको सञ्चालक कमला लामाले दाबी गरिन् । उद्योगले १५ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ ।

यसैगरी, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३, स्थित केम्हेन्दो एकीकृत कृषि फार्म, धादिङको नीलकण्ठ नगरपालिका-८ मा रहेको युनिक पशुपन्छि तथा कृषि फार्म, रसुवाको उत्तरगया गाउँपलिका-५ को रसुवा एसएस टेलर्स एन्ड स्यानीटरी प्याड तथा माक्स उद्योग उत्कृष्ट भएका छन् ।

त्यस्तै, सिन्धुलीको दुधौली नगरपालिका-४ स्थित वर पिपल दुना टपरी उद्योग, काठमाडौं चन्द्रागिरी नगरपालिका-११ को ओम फुड प्रोडक्ट, ललितपुरको बागमती गाउँपालिका-१ मा रहेको श्रृजनशील कृषि फार्म, दोलखा गौरीशंकर गाउँपालिका-५ स्थित सुरी मौरीपालन तथा घार उद्योग, नुवाकोटको नवयुवा कृषि फार्म, भक्तपुरको लक्ष्मी चिउरा उद्योग उत्कृष्ट घोषित भए ।

सिन्धुपाल्चोकको कफी सहकारी उद्योग, रामेछापको मन्थली डिलक्स एग्रो फरेस्टी र काभ्रेको बिजेएस ह्याण्डी काफ्ट एण्ड पनौती सेभियर हाउस पनि उत्कृष्ट भएका छन् । १३ जिल्लाबाट उत्कृष्ट उद्यमी पहिचान गरी नगद ४० हजार सहित सम्मान प्रदान गरिएको मन्त्री शुकमाया तामाङले जानकारी दिइन् । बागमतीका मुख्यमन्त्री बहादुरसिंह लामा र मन्त्री तामाङले उद्यमीहरुलाई सम्मान प्रदान गरेका थिए ।

# विद्यार्थीलाई जलीय जैविक विविधताको महत्व बुझाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवम् संरक्षण केन्द्र, हेटौंडाले मकवानपुरगढी र हेटौंडाको दुई विद्यालयका विद्यार्थीलाई जलीय जैविक विविधताको महत्वबारे जानकारी प्रदान गरेको छ ।

केन्द्रले मकवानपुरगढी-२ शिखरकटेरीमा रहेको चण्डिका माध्यमिक विद्यालय र हेटौंडा-८ कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालयमा अध्ययनरत एकसय बढी विद्यार्थीलाई विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरेको हो । जलीय जैविक विविधताको महत्वबारे विद्यार्थीलाई बुझाउन थालिएको छ । पछिल्लो समय हराउँदै गएको प्राकृतिक जलाशय र लोप हुँदै गएका जलीय प्राणीको संरक्षण गर्न त्यसको महत्वबारे सरकारी विद्यालयका विद्यार्थीलाई जानकारी दिन थालिएको हो ।



मत्स्यक्षेत्रमा लगानी वृद्धिः खाद्यसुरक्षा, दिगो विकास र समृद्धि भन्ने मुलनाराकासाथ विश्व मत्स्य दिवसको सप्ताहव्यापी कार्यक्रमअर्न्तगत सरकारी विद्यालयका विद्यार्थीलाई जलीय जैविक विविधताबारे जानकारी दिइएको थियो । चण्डिका मावि र चन्द्रोदय माविमा प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवम् संरक्षण केन्द्रप्रमुख सरोजकुमार यादवले माछाको जात, माछा र मानवस्वास्थ्य, जलचर संरक्षण ऐनका विषयमा र मत्स्य विकास अधिकृत बलराम आचार्यले विश्व मत्स्य दिवसको पृष्ठभूमि र नेपालमा माछाको अवस्थाबारे विद्यार्थीलाई अभिमुखीकरण गरेका थिए ।

नेपालमा २५२ प्रजातिका माछा पाइने जानकारी दिर्दे उनले जसमध्ये १६ प्रजातिका माछाहरू नेपालमा मात्रै पाइने रैथाने माछा रहेको बताए । जलस्रोतमा हुने प्रदूषण रोक्न र जलीय जैविक विविधता संरक्षण गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने यादवको भनाई छ । उनले जलवायु परिवर्तनको असरबाट मत्स्यक्षेत्र बढी प्रभावित हुनेप्रति चिन्ता पनि व्यक्त गरे ।

दिवसको अवसरमा न्याली सहित समापन गरिएको कार्यक्रममा बोल्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले जैविक विविधता संकटमा पर्दै गएको बताइन् । उनले हेटौंडाको राप्तीखोलामा पहिले-पहिले माछा पाउने गरेको बताउँदै अहिले माछा हराउँदै गएको र माछा मारेर जीविका चलाउने वर्गको पनि पेशा संकटमा परेको बताएकी छन् । लामाले जल र जलीय प्राणीको संरक्षण गर्ने दायित्व सबैको भएकाले यसप्रति गम्भिर हुन आग्रह गरिन् । दिवसको अवसरमा हेटौंडाको कर्रा खोलामा १० हजार माछाको भुरा छाडिएको थियो ।

# उपचुनाव हुने पालिकामा १६ गते सार्वजनिक बिदा

हेटौंडा, १० मंसिर/ निर्वाचन आयोगले आगामी १६ मंसिरमा उपनिर्वाचन हुने स्थानीय तहमा सहज वातावरण बनाउनका लागि सार्वजनिक बिदा दिने भएको छ ।

आयोगले उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययीरुपमा सम्पन्न गर्न/गराउन उपनिर्वाचन हुने स्थानीय तहमा मतदानस्थल उपयोग गर्ने, सार्वजनिक बिदा दिने र मतदाताका लागि मतदान गर्न सहज वातावरण बनाउने भएको हो ।

आयोगको ९ मंसिरको बैठकबाट उपनिर्वाचनका लागि १३ मंसिरदेखि १६ गतेसम्म मतदान सम्पन्न नभएसम्म मतदानस्थलका रुपमा कायम भएका सामुदायिक विद्यालय, निजी विद्यालय, वडा कार्यालय, स्वास्थ्यसंस्था, सामुदायिक भवन, औद्योगिक प्रतिष्ठान वा अन्य सार्वजनिकस्थल निर्वाचन प्रयोजनका लागि उपयोग गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत उपनिर्वाचन हुने सबै स्थानीय तहलाई निर्देशन दिने निर्णय गरिएको आयोगका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।



मतदान हुने दिन स्थानीय तहको प्रमुख वा उपप्रमुख वा अध्यक्ष वा उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुने स्थानीय तहमा सम्बन्धित स्थानीय तहभर र वडाध्यक्षको उपनिर्वाचन हुने स्थानीय तहमा वडाको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहअन्तर्गतका कार्यालयमा सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने आयोगले निर्णय गरेको उनले बताइन् ।

उपनिर्वाचन हुने स्थानीय तहका मतदातालाई बिदाको सुविधा वा अन्य उपयुक्त वैकल्पिक उपाय अपनाई मतदान गर्ने सहज व्यवस्था मिलाईदिन सम्बन्धित स्थानीय तह वा जिल्लास्थित निजीक्षेत्रबाट सञ्चालित औद्योगिक वा शैक्षिक वा अन्य प्रतिष्ठानलाई आह्वान गर्ने आयोगले निर्णय गरेको छ ।

# सशस्त्रका गणप्रमुख भुर्तेलले साढे तीन लाख खर्चिएर मन्दिर बनाए

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ सशस्त्र प्रहरी बल, नेपाल नम्बर १४ गण हेडक्वार्टर मकवानपुरका प्रमुख ज्ञानप्रसाद भुर्तेलले व्यक्तिगत लगानीमा मन्दिर निर्माण गरेका छन् ।

सशस्त्र प्रहरी कर्मचारीको श्रमदानमा प्रमुख भुर्तेलले आवश्यक सामग्री खर्चका लागि साढे तीन लाख खर्च गरेर मन्दिर निर्माण गरेको उनले जानकारी दिए । करिब एक महिनाको सक्रियतामा मकवानपुरको बकैया गाउँपालिका-४ छतिवनस्थित छत्रेश्वर महादेव मन्दिरलाई निर्माण गरेका हुन् । पुरानो रहेको मन्दिरलाई संरचना सहित क्षेत्र सरसफाइदेखि मन्दिर परिसरमा ट्रस्ट हाली सम्म्याएको हेडक्वार्टर प्रमुख भुर्तेलले बताए ।



उनका अनुसार मन्दिर परिसरमा फूलक्यारी निर्माण, मन्दिरमा चढाएको जल विसर्जन गर्न पाइपलगाई ५ वटा रिङ बराबरको ट्ंयाकी निर्माण, मन्दिरको अग्रभागमा नन्दी राख्ने ठाउँ निर्माण गरी नन्दी समेत राखिएको छ । मन्दिरको पूर्व भागमा शिवलिङ्ग स्थापना गरिएको छ । मन्दिर परिसरमा ब्लक बिछ्याएर मनमोहक बनाइएको छ । मन्दिर परिसरमा रुद्राक्ष, पारिजात, बेलपत्र गरी विभिन्न धार्मिक महत्वका बिरुवा रोपिएको छ ।

मन्दिर परिसरमा रहेको धारा वरिपरि डिपिसि गरेको, मन्दिर परिसरको वाल मर्मत गरेको, मन्दिरको भित्रि भाग महादेव उत्पन्न स्थलमा पुरानो संरचनालाई मर्मत सम्भार गरेकोलगायत संरचना बनाइएको भुर्तेलले जानकारी दिए । द्वन्द्वकालमा यस स्थानमा सशस्त्र प्रहरीले शहादात प्राप्त गरेका जानकारीमा आएको र चल्दै आएको मन्दिरलाई सम्झना स्वरुप पुनर्निर्माण कार्य गरेको उनले बताए ।

# माडीको पोष्टमा हेटौंडाको आधा दर्जन गोल

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ पूर्वीचितवनको रत्ननगरमा विहीबारबाट भएको तेस्रो अन्तरपालिकास्तरीय मेयर कप फुटबल प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका विजयी भएको छ ।

आइतबार भएको खेलमा हेटौंड उपमहानगरपालिकाले माडी नगरपालिकालाई ६-१ गोल अन्तरले पराजित गरेको छ । खेलको २२ औं मिनेटमा सामुयल सुनार, २७ र ३९ औं मिनेटमा अनिष महर्जन, ५५ र ५९ औं मिनेटमा विजय दोङ र अतिरिक्त समयको ७३ औं मिनेटमा सुजल लामाले गोल गर्दै हेटौंडालाई फराकिलो अन्तरमा विजयी गराएको नगर खेलकुद विकास समिति सदस्य तथा टिम व्यवस्थापक सुनिल लोप्चनले जानकारी दिए । जितसँगै हेटौंडा क्वाटरफाइनल प्रवेश गरेको छ ।



हेटौंडाले अब ११ मंसिरमा भरतपुर महानगरपालिकासँग सेमिफाइनल यात्राका लागि प्रतिस्पर्धा गर्नेछ । हेटौंडाको टिम प्रशिक्षक विजयलाल श्रेष्ठ छन् । हेटौंडाका विजय दोङ खेलको म्यानअफ दी म्याच घोषित भए ।

सोमबार राप्ती नगरपालिका र कालिका नगरपालिकाबीच खेल हुने आयोजकले जनाएको छ । स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मूलनाराका साथ आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना अन्तर्गत तेश्रो अन्तरपालिकास्तरीय मेयर कप फुटबल प्रतियोगीता आयोजना गरिएको खेलकुद विकास समितिका अध्यक्ष कृष्ण चौधरीले जानकारी दिए । प्रतियोगिताको पुरस्कार राशी दुई लाख छ ।

नेपाल माविको खेलमैदानमा जारी प्रतियोगितामा चितवनका सात, कमवानपुरका दुई र नवलपरासीको एउटा पालिका गरी १० वटा टिमले सहभागिता जनाएको खेलकुल विकास समितिका संयोजक चौधरीले जानकारी दिए । खेलकुद क्षेत्रको विकास र राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने उद्देश्यले मेयरकप आयोजना गरिएको हो ।

प्रतियोगितामा प्रथम हुने टिमलाई २ लाख ११ हजार १११, द्वितीय हुने टिमलाई १ लाख ५१ हजार १११ सहित पदक, ट्रफि र प्रमाणपत्र प्रदान गरिने नगरस्तरीय खेलकुद विकास समितिका सहसंयोजक सौगात भुजेलले जानकारी दिए । प्रतियोगितामा प्लेयर अफ द म्याच घोषित हुने खेलाडीलाई २ हजार ५०० र प्लेयर अफ द टुर्नामेन्ट घोषित हुने खेलाडीलाई १० हजार ५०० प्रदान गरिने उनले जानकारी दिए ।

# रैथानेबालीमा अनुदानले कृषक आकर्षित

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मकवानपुरका दुई पालिकाले रैथानेबाली कोदो, फापर र जुनेलो खेतीलाई अनुदान दिएर प्रोत्साहन गर्न थालेपछि यसको खेती गर्नेको संख्या बढेको छ । मकवानपुरगढी र भीमफेदी गाउँपालिकाले गत आर्थिक वर्षदेखि रैथानेबाली प्रोत्साहन थालेका हुन् ।

मकवानपुरगढीले कोदो र फापरको ब्रान्डिङका साथसाथै बजारीकरण गर्न न्यूनतम् समर्थन मूल्य तोकेको छ । पालिकाले बजारको व्यवस्थासँगै समर्थन मूल्य तोकेकाले जति उत्पादन भए पनि बिक्रीमा समस्या नआउने किसानको ठम्याइ छ । मकवानपुरगढीका १, २, ४, ७ र ८ नम्बर वडाका अधिकांश बासिन्दाले अहिले कोदोखेती गर्न थालेका छन् । बिगतका दिनमा गाईगोरुलाई घाँसकारुपमा नल खुवाउनका लागि कोदोखेती गरिन्थ्यो, अहिले स्थानीयको कमाइको गतिलो माध्यम बनेको छ ।

मकवानपुरगढीले कोदो प्रतिकेजी ६० रुपैयाँ समर्थन मूल्य तोकेको छ । जुनेलोको प्रतिकेजी ८४, तितेफापर ९० र मिठेफापर १०५ रुपैयाँ न्यूनतम मूल्य तोकेको गाउँपालिका अधयक्ष दोर्जे लामाले बताए । किसानको कोदो, फापर र जुनेलो स्थानीय सहकारीमा बिक्री गर्दा पालिकाले कृषकलाई प्रतिकेजी ६ रुपैयाँ र सहकारीलाई बजारको व्यवस्थापन गर्न प्रतिकेजी ४ रुपैयाँ अनुदान दिने व्यवस्था गरेको अध्यक्ष लामाले जानकारी दिए ।

गतवर्ष मकवानपुरगढीमा ४ सय ५० हेक्टर जमिनमा कोदोखेती गरिएकोमा अहिले विस्तार भएर ५ सय हेक्टर जमिनमा कोदोखेती गरिएको कृषि शाखाप्रमुख गोपाल लम्सालले बताए । ६० हेक्टर जमिनमा फापरखेती गरिएको छ भने ५० हेक्टरमा जुनेलोखेती गरिएको छ । चार वर्षदेखि संघीय सरकारसँगै पालिकाले पनि रैथानेबाली कोदोको उत्पादकत्व वृद्धि गर्न अनुदान दिंदै आएकाले मकवानपुरगढीका करिब २ सय ५० किसान परिवारले कोदोखेती गरेका छन् ।

चालु आवका निम्ति गाउँपालिकामा रैथानेबालीको प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारले १६ लाख रुपैयाँ र संघीय सरकारले ६ लाख रुपैयाँ अनुदान दिएको छ । कोदो, फापर र जुनेलोको बजारीकरण गर्न ब्रान्डिङसहित पिठो ल्याएको छ । कोदो र फापरको खपत बढाउनका लागि स्कुलको दिवाखाजा कार्यक्रममा साताको एकदिन कोदो र फापरका परिकार खुवाउनुपर्ने नियमै बनाइएको छ । दिवाखाजा कार्यक्रममा कोदो र फापरका सेल, हलुवालगायत विभिन्न किसिमका परिकार बनाएर खान दिने गरिएको छ ।

भीमफेदी गाउँपालिकाले गत आर्थिक वर्षदेखि कोदोखेती गर्ने किसानलाई प्रतिरोपनी २ हजार ५ सय रुपैयाँ अनुदान दिने व्यवस्था गरेको छ । कोदोखेती गर्ने कृषकलाई अनुदान दिने व्यवस्था गर्ने बित्तिकै कोदोखेती गर्ने कृषकको संख्या बढेको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले बताए । यो गाउँपालिकामा अहिलेको वर्ष करिव तीन हजार रोपनीमा कोदो रोपिएको छ । अनुदान पाउने भएपछि कोदोखेतीतर्फ कृषक आकर्षित भएको भीमफेदी गाउँपालिका कृषि शाखाप्रमुख उज्ज्वल रानाले बताए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना